# अलङ्कार सम्प्रदायको सैद्धान्तिक ढाँचा

**डा. दुर्गाबहादुर घर्ती,** सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

Email: durgagharti@gmail.com

Orcid iD : https://orcid.org/0009-0009-0118-8344

**शोधसार**

अलङ्कार काव्यको शोभा बढाउने र काव्यलाई चामत्कारिक तुल्याउने तत्त्व हो । यो मूलतः शैलीसँग सम्बन्धित छ । कथनपद्धति र शब्दार्थको कालिगडी अलङ्कारको मुख्य पक्ष हो । सोझो भनाइबाट अर्थबोध हुने भए पनि अभिव्यक्तिकलाको आनन्द त्यसले दिन सक्तैन । आफ्ना कुरा नयाँ ढङ्गमा अभिव्यक्त गर्ने रुचिको विकास भाषाको जन्मदेखि नै हुन थालेको पाइन्छ । सर्वप्राचीन ग्रन्थ ऋग्वेदका कतिपय ऋचाहरू आलङ्कारी छन् । वैदिक साहित्यमा उपमाको प्रयोग भेटिनु अलङ्कारको प्राचीनताको प्रमाण हो । लौकिक साहित्यमा अलङ्कारको प्रयोग लोकप्रिय बन्यो र संस्कृत लक्षणग्रन्थमा सर्वप्रथम अलङ्कारसम्बन्धी विमर्श पाइन्छ । अलङ्कारको सङ्ख्या र प्रकार उत्तरोत्तर बढ्दै गएको देखिन्छ । अलङ्कारको परिचय र प्रकारको अध्ययन यस लेखको मुख्य उद्देश्य हो । अध्ययन गुणात्मक पद्धतिमा छ । विषयपरक विधिमा सामग्रीको विश्लेषण गरिएको छ । अलङ्कारको सोदाहरण विश्लेषण अध्ययनको मुख्य पक्ष हो । अलङ्कार साहित्यलाई आकर्षक तुल्याउने आवश्यक तत्त्व हो भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

***शब्दकुञ्जी :*** उपमान, उपमेय, शब्दालङ्कार, अर्थालङ्कार, उभयालङ्कार

**Article's information**
Manuscript received: 2026/01/28; Date of review: 2026/04/2, Date of manuscript acceptance: 2026/06/15
Publisher: Department of Nepali, Mahendra Morang Adarsh Multiple Campus, Biratnagar, Tribhuwan University.
DOI: https://doi.org/10.3126/vaikharivani.v3i2.96682
Homepage: https://www.nepjol.info/index.php/vaikharivani/; Copyright (c) 2026 Vaikharivani.
This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

अलङ्कारले काव्यको शोभा र सौन्दर्य बढाउने काम गर्दछ । यसलाई काव्यको शब्द र अर्थलाई चामत्कारिक तुल्याउने आभूषणका रूपमा लिइन्छ । यो शब्दार्थवैचित्र्य भएकाले यसको सम्बन्ध भाषिक प्रयोगसँग छ । भाषा मानव सभ्यताको पहिलो उपलब्धि हो । त्यसैले अलङ्कार भाषा जत्तिकै प्राचीन देखिन्छ । भाषाको प्रयोग मौखिक रूपमा र लेख्य रूपमा हुन्छ । मौखिक भाषा नै प्राचीन हो । समाजमा भाषिक व्यवहार हुनथालेदेखि नै आलङ्कारिक प्रयोग हुन थालेको देखिन्छ । साहित्यको अभिव्यक्तिको माध्यम भाषा हो । मौखिक रूपमा प्रस्तुत हुने साहित्य लोकसाहित्य हो र लेख्य रूपमा प्रस्तुत हुने सिर्जित साहित्य हो । सिर्जित साहित्य मौखिक साहित्यबाट विकसित रूप हो । सिर्जित साहित्यको मूल खोज्दै जाँदा मौखिक साहित्यसम्म पुग्नुपर्छ । परम्परादेखि मौखिक रूपमा प्रचलित हुँदै आएका लोकसाहित्य पर्याप्त आलङ्कारिक छन् । सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा अलङ्कारको प्रयोग भएको पाइन्छ । यास्कले *निरुक्त*मा उपमा अलङ्कारको उदाहरणमा विभिन्न ऋचाहरू उद्धृत गरेका छन् । त्यसैगरी अन्य वैदिक साहित्यमा पनि उपमा अलङ्कारको प्रयोग गरिएको पाइन्छ । पाणिनि, पतञ्जलि जस्ता वैयाकरणले उपमा अलङ्कारको उल्लेख गरेका छन् । पाणिनिले उपमान उपमेय आदिका बारेमा अनेक सूत्र प्रस्तुत गरेका छन् । *अग्निपुराण*मा अलङ्कारहरूको चर्चा पाइन्छ । भरतको *नाट्यशास्त्र*मा शब्दालङ्कार र अर्थालङ्कारको उल्लेख पाइन्छ । अलङ्कारको शास्त्रीय व्याख्या भामहदेखि हुन थालेको हो । पूर्वीय काव्यशास्त्रमा अलङ्कारबारे सर्वोच्च महत्वका रुपमा चर्चा गर्ने आचार्य भामह हुन् । उनले आफ्नो *काव्यालङ्कार* नामक ग्रन्थमा विभिन्न अलङ्कारलाई चिनाउनुका साथै साहित्यिक सौन्दर्यका रूपमा अलङ्कारलाई स्थापित गराएका छन् । यसर्थ भामहलाई अलङ्कार सम्प्रदायका जनक मानिन्छ ।

भामहपछि दोस्रो अलङ्कारवादी आचार्यका रूपमा दण्डी देखापर्दछन् । उनले अलङ्कारको चर्चाका क्रममा गुण र रीतिको पनि चर्चा गर्दै रीतिवादी मार्ग विस्तार गरेका छन् । ध्वनिवादी र रसवादी आचार्यहरूले ध्वनि र रसलाई प्रधानता दिन थालेपछि अलङ्कारवादी सम्प्रदाय बिस्तारै कमजोर बन्दै गए तापनि साहित्यमा अलङ्कारको महŒव कम भएको छैन । शब्द र अर्थको मेललाई काव्य मान्ने भामहदेखि आरम्भ भएको अलङ्कारवादी कित्तामा दण्डी, उद्भट, रुद्रट, राजशेखर, मम्मट, हेमचन्द्र, वाग्भटका साथै रीतिवादी वामन, वक्रोक्तिवादी कुन्तक, अनुमानवादी महिमभट्ट, औचित्यवादी क्षेमेन्द्र पनि पर्दछन् । तिनै विद्वान्हरूका मान्यताका आधारमा यस लेखमा अलङ्कारवादी सिद्धान्तको विवेचना गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित छ । यस अध्ययनमा तर्क, व्याख्या, विश्लेषणका आधारमा निष्कर्षमा पुग्ने काम भएको छ । त्यसका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यद्वारा गरिएको छ । अलङ्कारसिद्धान्तका मूल ग्रन्थ यसका प्राथमिक सामग्री हुन् र तिनका भाष्य, टीका र व्याख्या द्वितीयक सामग्री हुन् । सामग्रीको विश्लेषण विषयविश्लेषण विधिका आधारमा गरिएको छ । यहाँ विभिन्न विद्वान्हरूका मुख्य मान्यताहरूको विमर्श गरी निष्कर्षमा पुग्ने काम भएको छ । सामग्रीको विश्लेषण निगमनात्मक विधिमा गरिएको छ । स्थापित सिद्धान्तलाई आधार बनाई तिनको विवेचना गरिएको छ ।

## अलङ्कारको परिचय

अलङ्कारलाई काव्य सिँगार्ने गहनाका रूपमा लिइन्छ । जसरी विभिन्न गहनाले नारीको सौन्दर्यलाई चहकिलो तुल्याउँछ त्यसरी नै अलङ्कारले काव्यलाई आकर्षक र चामत्कारिक तुल्याउँछ । कोशीय अर्थमा अलङ्कार भन्नाले सजावट, आभूषण, सजाउने क्रिया भन्ने बुझिन्छ । साहित्यमा अलङ्कार भनेको अर्थगत वा शाब्दिक चमत्कारबाट साहित्यलाई सिँगार्ने तत्त्व हो । साहित्य भाषाका माध्यमबाट अभिव्यक्त हुने कला हो । भाषा सुन्दर र आकर्षक भए मात्र साहित्य सुन्दर र आकर्षक बन्दछ । अलङ्कारले भाषालाई सौन्दर्यपूर्ण, रमणीय, शोभायमान् र चमत्कारिक बनाउँछ । भामह (सन् १९५६) ले *काव्यालंकार*मा वक्रतामय शब्दोक्ति नै वचनको अलङ्कार हो भनेका छन् (वक्राभिधेयशब्दोक्तिरिष्टा वाचामलंकृतिः, १/३६, पृ. ३५) । दण्डी (२०१५) ले *काव्यादर्श*मा काव्यको शोभा गराउने धर्मलाई अलङ्कार भनिन्छ भनेका छन् (काव्यशोभाकरान् धर्मानलंकारान् प्रचक्षते, २/१, पृ. २८) । रुद्रट (सन् १९०९) ले *काव्यालङ्कार*को प्रथम अध्यायको दोस्रो श्लोकको कारिकामा काव्यालङ्कारलाई काव्यको आभूषण भनेका छन् (काव्यं तस्यालंकारो भूषणं काव्यालंकारः, पृ. २) । वामनले *काव्यालंकारसूत्रवृत्ति*मा काव्यलाई अलङ्कारले ग्राह्य तुल्याउँछ भनेका छन् (काव्यं ग्राह्यमलंकारत्, १/१, पृ. ४) । विश्वनाथ (सन् १९७७) ले *साहित्यदर्पण*मा शोभालाई अतिशयित गर्ने, रस भाव आदिको उपकारक गर्ने शब्द र अर्थको जुन अस्थिर धर्म हो, त्यसलाई बाजुबन्द गहना जस्तै अलङ्कार भनिन्छ भनेका छन् (शब्दार्थयोरस्थिरा ये धर्माः शोभातिशायिनः । रसादीनुपर्कुन्तोऽलंकारास्तेऽङ्गदादिवत्, १०/१, पृ. २७३) । जगन्नाथ (सन् १९३०) ले सुन्दर सादृश्य जसले पुरै वाक्यको शोभा बढाउँछ, त्यसलाई अलङ्कार भनिन्छ भनेका छन् (सादृश्य सुन्दरं वाक्यार्थोपस्कारकसुपमालंकृति, पृ. १५७) । केशव मिश्र (सन् १९८४) ले *अलङ्कारशेखरः* मा भनेका छन्– अलङ्कार शोभा बढाउने कुरालाई भनिन्छ । यदि कुनै काव्य दोषरहित र गुणयुक्त भए पनि अलङ्कारको प्रयोगले त्यसको शोभा र सौन्दर्य अर्कै प्रकारले निखारिन्छ (पृ. २९) । साहित्यमा अलङ्कार अभिव्यक्तिगत शैलीसँग सम्बन्धित छ ।

## अलङ्कारको प्रकार

अलङ्कारको सङ्ख्याबारे आचार्यहरूमा मतैक्यता पाइँदैन । भरतमुनिले चारओटा अलङ्कारको चर्चा गरेका छन् । भामहले अठतिसओटा अलङ्कारको परिचय दिएका छन् । दण्डीले चार शब्दालङ्कार र पैँतिस अर्थालङ्कार गरी जम्मा उन्चालिस अलङ्कारको वर्णन गरेका छन् । त्यसैगरी उद्भटले एकाचालिस, वामनले बत्तिस, रुद्रटले अठसट्ठी, कुन्तकले बिस, भोजले शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कारका चौबिसचौबिस गरी जम्मा बहत्तर, मम्मटले सतसट्ठी, विश्वनाथले छयासी, रुय्यकले बयासी, हेमचन्द्रले पैँतिस, जगन्नाथले सत्तरी अङ्कारको निरूपण गरेका छन् ।

यी विभिन्न प्रकारका अलङ्कारलाई दण्डीले शब्दालङ्कार र अर्थालङ्कार भनी वर्गीकरण गरेका छन् । भामहले शब्दालङ्कार र अपरे अर्थात् दोस्रा अलङ्कार भनी वर्गीकरण गरेका छन् । वामनले पनि दण्डीको वर्गीकरणलाई स्वीकार गरेका छन् । रुद्रटले शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कार गरी तीन भेद देखाएका छन् । रुद्रटले प्रस्तुत गरेको उभयालङ्कारअन्तर्गतको श्लेष तथा संसृष्टिबाहेक अन्यलाई भोज र हेमचन्द्रले महत्त्व नदिए पनि उत्तवर्ती मम्मट र रुड्ढयकले त्रिविध विभाजन स्वीकार गरेका छन् । त्यही विभाजनलाई आधार मानेर अहिले अलङ्कारहरूको वर्गीकरण गरिएको पाइन्छ ।

**शब्दालङ्कार**

शब्दका माध्यमद्वारा काव्यलाई अलङ्कृत तुल्याउने अलङ्कार शब्दालङ्कार हो । यसअन्तर्गत अनुप्रास, यमक, श्लेष, वक्रोक्ति, पुनरुक्तवदाभास, वीप्सा, प्रहेलिका तथा चित्रालङ्कार पर्दछन् ।

***अनुप्रास***

वर्ण, पद वा पदांशको सादृश्यलाई अनुप्रास भनिन्छ । उही वर्णको पुनारवृत्ति हुने अनुप्रास हो । यसमा स्वर वर्णको समानता भए पनि नभए पनि अनेक व्यञ्जन मिल्छन् भने अनुप्रास अलङ्कार हुन्छ (खिस्ते, २०२७, पृ. ३) । वर्णको पुनरावृत्तिले श्रवणसुख मिल्दछ । भामहले अनुप्रासमा अर्थ भिन्न भए पनि वर्ण समान हुनुपर्छ भनेका छन् । मम्मटले वर्णानुप्रास र शब्दानुप्रास गरी अनुप्रासका दुई भेद देखाएका छन् । वर्णानुप्रासअन्तर्गत छेकानुप्रास र वृत्त्यनुप्रास तथा शब्दानुप्रासअन्तर्गत लाटानुप्रास पर्दछ । विश्वनाथले छेकानुप्रास, वृत्त्यनुप्रास, श्रुत्यनुप्रास, अन्त्यानुप्रास र लाटानुप्रास गरी अनुप्रासको पाँच प्रकार देखाएका छन् ।

**छेकानुप्रास.** वर्ण वा वर्णहरूको उही क्रममा अर्थात् सँगसँगै एक पटक पुनरावृत्ति हुने छेकानुप्रास हो । अनेक व्यञ्जन वर्णको आवृत्ति भएमा छेकानुप्रास हुन्छ (गौतम, १९७८, पृ. ४) । जस्तै :

आँसु खसाली रोइरहेथैँ जीवन वनको बीच
खोजी खोजी कतै नपाई मेरा मनका चीज । (लक्ष्मीप्रसाद देवकोटा, 'वन' कविताबाट)

यस पद्यांशको पहिलो चरणमा 'वन' अंशको एक पटक पुनरावृत्ति भएको छ ।

**वृत्त्यनुप्रास.** क्रमबिना वर्ण वा वर्णहरूको पुनरावृत्ति हुनु वृत्त्यनुप्रास हो । अनेक व्यञ्जनको भिन्न क्रमले एकपल्ट स्वरूपसाम्य, किंवा अनेक व्यञ्जनको उही क्रम वा भिन्न क्रमले अनेक पल्ट स्वरूपसाम्य हुनु वृत्त्यनुप्रास हो (सिग्देल, २०५८, पृ. २१३) । जस्तै :

तरङ्ग रसरङ्गको, जमक सोह श्रृङ्गारको,
उमङ्ग सब अङ्गको, चमक हेम–भृङ्गारको । (सोमनाथ सिग्द्याल, 'आदर्श–राघव' बाट)

उपर्युक्त पद्यांशमा 'अङ्ग' अंशको अनेक पटक पुनरावृत्ति भएको छ ।

**श्रुत्यनुप्रास.** एकस्थानीय (व्याकरणप्रसिद्ध कण्ठतालुप्रभृति स्थान एक भएका) व्यञ्जन वर्णको आवृत्ति भएमा श्रुत्यनुप्रास हुन्छ । जस्तै :

सनातनस्थिति लिने तुलना नलिने सँधै ।
प्रभुकी कीर्तिलतिका बिजुलीरूपले फुल ॥ (गौतम, १९७८, पृ. ७)

यस पद्यांशको पहिलो पङ्क्तिमा दन्तस्थानीय त्,थ्,न्,ल्,स् वर्णको आवृत्ति भएको छ ।

**अन्त्यानुप्रास.** पाउका अन्त्यमा वर्ण वा वर्णहरूको पुनरावृत्ति हुनु अन्त्यानुप्रास हो । पाउको आधा वा पाउको अन्तमा अन्तिम अक्षर पूर्ण रूपले मिलेमा अन्त्यानुप्रास हुन्छ (उपाध्याय, २०४८, पृ. १२४) । जस्तै :

हँसिला मुखका सब नर नारी
सबतिर लक्ष्मी–पूजा भारी ॥ (लेखनाथ पौड्यालको 'तिहार' कविताबाट)

यी पङ्क्तिका अन्त्यमा ‘नारी’ र ‘भारी’ शब्दमा ‘आरी’ वर्णहरूको पुनरावृत्ति भएको छ।

**लाटानुप्रास.** फरक अर्थ बुझाउने उही पाउ वा शब्दको पुनरावृत्ति लाटानुप्रास हो। शब्द र वाच्यार्थ एउटै रहेर तात्पर्य मात्र भिन्न भई शब्दको आवृत्ति भएमा लाटानुप्रास हुन्छ (गौतम, १९७८, पृ. ८)। जस्तै :

कल्ले घिसार्छ अति वेग् गरि रेललाई
कल्ले घिसार्छ अति वेग् गरि रेललाई। (मोतिराम भट्ट, ‘मनोद्वेग प्रवाह’ कविताबाट)

उपर्युक्त अंशमा ‘कल्ले’ शब्द भिन्नभिन्न अर्थमा प्रयोग भएको छ।

***यमक***

यमक शब्दको अर्थ युग्म, जोडी वा दुई भन्ने हुन्छ। वर्णहरूको समूह उही क्रममा पुनरावृत्ति हुनु यमक हो। सार्थक वा निरर्थक, भिन्न अर्थवाला स्वरव्यञ्जन समुदायको आवृत्ति भएमा यमक हुन्छ (सहाय ‘हीरा’, सन् १९७४, पृ. २१)। जस्तै :

सब हिमाल हिमालयका खुले, नव सरोज सरोज–नमा फुले।
अब पलाश–पलाशमहाँ चढे, तब अशोक–अशोक भई बढे॥ (सोमनाथ सिग्द्याल, ‘आदर्श–राघव’ बाट)

यहाँ पहिलो पङ्क्तिमा ‘हिमाल हिमाल’ र ‘सरोज सरोज’ अनि दोस्रो पङ्क्तिमा ‘पलाश–पलाश’ र ‘अशोक–अशोक’ पद दोहोरिएका छन्।

***श्लेष***

एउटै पदबाट अनेक अर्थ बुझिने भएमा त्यो श्लेष हुन्छ। श्लिष्ट या अनेकार्थवाची शब्दद्वारा अनेक अर्थको अभिधानमा शब्दश्लेष हुन्छ (सहाय ‘हीरा’, सन् १९७४, पृ. ३७)। यसका अमङ्गश्लेष, मङ्गश्लेष, वर्णश्लेष, पदश्लेष, लिङ्गश्लेष, भाषाश्लेष, प्रकृतिश्लेष, प्रत्ययश्लेष, विभक्तिश्लेष, वचनश्लेष जस्ता भेद हुन्छन्। जस्तै :

सुन्देउ गाउँछु उमापतिको चरित्र
सुन्छैन मित्र ! सकियो अवधान दिन्छु। (कुलचन्द्र गौतम, ‘राघवालङ्कार’ बाट)

माथिको अंशको पहिलो हरफमा ‘सुन्देउ’ ले सुन्ने काम गर भन्ने र सुन नामक धातु दिने काम गर भन्ने भिन्नभिन्न अर्थ बुझाएको छ। त्यसैगरी ‘अवधान’ शब्दले अब धान दिने र ध्यान दिने भन्ने अर्थ बुझाएको छ।

***वक्रोक्ति***

एउटा अर्थमा भनिएको कुरालाई अर्कै अर्थमा बुझिनु वक्रोक्ति हो। एक व्यक्तिले कुनै एक अर्थमा प्रयोग गरेको वाक्यलाई अर्को व्यक्तिले कुनै अर्कै अर्थमा गर्दछ भने वक्रोक्ति अलङ्कार हुन्छ (उपाध्याय, २०४८, पृ. १२६)। जस्तै :

प्रभा–व–सन्तको देखेँ, वसन्त अहिले किन ? (सोमनाथ सिग्देल, ‘साहित्य प्रदीप’ बाट)

यस पङ्क्तिमा स्वरको परिवर्तनले गर्दा वसन्तको प्रभाव देखेँ वा सन्तको प्रभाव देखेँ भन्ने अर्थ लाग्न सक्छ।

***पुनरुक्तवदाभास***

पुनरुक्तवदाभास अलङ्कारमा पर्यायवाची शब्दहरू दोहोरिए जस्तो आभास हुन्छ। एउटै अर्थ भएका पर्यायवाची शब्दको पुनरावृत्ति हुनु पुनरुक्तवदाभास अलङ्कार हो (सहाय ‘हीरा’, सन् १९७४, पृ. ६४)। यसमा पर्यायवाची शब्द दोहोरिए जस्तो लागे पनि अर्थ नै भिन्न हुन्छ। जस्तै :

नगर यो शहरै भरि हुल्लड
कुशल–मङ्गलको गर तर्खर (गोविन्दप्रसाद भट्टराई, ‘पूर्वीय काव्य सिद्धान्त’ बाट)

यस पद्यांशमा 'नगर–शहर' र 'कुशल–मङ्गल' पर्यायवाची लागे पनि 'नगर' ले नगर्नू भन्ने र कुशलक्षेम वा सुख भन्ने अर्थ बुझाउने 'कुशल–मङ्गल' को 'मङ्गल' ले शुभ हुने कार्य भन्ने बुझाएको छ।

***वीप्सा***

वीप्सा भनेको दोहोऱ्याउनु हो। यसमा हर्ष, शोक आदि भावको आधिक्य बुझाउनका लागि शब्दको पुनरावृत्ति गरिन्छ। अत्यन्त आदर आदर, आश्चर्य, उत्साह, घृणा, शोक, हर्ष आदि प्रदर्शित गर्नका लागि शब्दको आवृत्ति वीप्सा अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ६९)। जस्तै :

जति जति तिमि मेरो चित्त चोरेर लिन्छौ।
तति तति अति बाधा हुन्छ के प्यारि गर्छ्यौ॥ (मोतीराम भट्ट, 'मनोद्वेग प्रवाह' बाट)

यहाँ 'जति–जति' र 'तति–तति' शब्दहरूको द्विरुक्तिमा वीप्सा अलङ्कार छ।

***प्रहेलिका***

कुनै कुरालाई लुकाएर वर्णन गर्नु प्रहेलिका हो। एउटा बाहिरी अर्थ स्पष्ट राखेर खास तात्पर्य गुप्त राखेमा प्रहेलिला हुन्छ। जस्तै :

इन्द्रका नामको आधा नाम क्या हो ? बताउन।
शिर–मा–चगरे मित्र ! यत्रो भार उठाउन॥ (गौतम, १९७८, पृ. ७)

यहाँ इन्द्रको आधा नाम 'न्द्र' हुन्छ र यसको शिरमा चकार राखे 'चन्द्र' हुन्छ। दण्डीले सोह्र प्रधान र चौध गौण प्रहेलिकाको उल्लेख गरेका छन्।

***चित्रालङ्कार***

चित्र प्रस्तुत हुने गरी वर्णहरूको विन्यास चित्रालङ्कार हो। जसमा वर्णहरू खड्ग, पद्म, चमरहरूका आकारले राखिन्छन्, त्यो चित्र कहिन्छ। त्यो चित्रकाव्य अधमाधममा गनिएको छ। अर्थप्रतीतिमा विलम्ब गर्ने, अर्थ असुन्दर हुने, बहिर्दृष्टि भएको बालकले मात्र रुचाएको हुनाले यसको प्रपञ्च अनुपयुक्त छ (गौतम, १९७८, पृ. २७)।

**अर्थालङ्कार**

अर्थका आधारमा काव्यलाई अलङ्कृत तुल्याउने अलङ्कार अर्थालङ्कार हो। विभिन्न आचार्यहरूले अर्थालङ्कारका भेद विभिन्न प्रकारमा देखाएका छन्। गुणधर्मको समानताका आधारमा तिनको वर्गीकरण गर्न सकिन्छ। सर्वप्रथम रुद्रटले वास्तव, औपम्य, श्लेष र अतिशय गरी चार भेदमा वर्गीकरण गरेका छन्। रुय्यकले पनि त्यसैलाई स्वीकार गरेका छन्। राजवंश सहाय 'हीरा' (सन् १९७४) ले अर्थालङ्कारको वर्गीकरण साधर्म्यमूलक, विरोधगर्भ, श्रृङ्खलामूलक, गूढार्थ प्रतीतिमूलक, गोपनमूलक, लोकन्यायमूलक र अतिशयमूलक गरी सात प्रकारमा गरेका छन्।

***साधर्म्यमूलक अर्थाङ्कार***

औपम्यमूलक अलङ्कार साधर्म्यमूलक हुन्छ। औपम्यमूलक भनेको उपमामा आधारित हो। साहित्यमा कुनै वस्तु, व्यक्ति वा भावको स्वरूपलाई अर्को अप्रस्तुत वस्तुसँग तुलना वा समानता देखाएर स्पष्ट पार्ने अलङ्कार उपमा हो। साधर्म्यमूलक अर्थालङ्कारका पनि विभिन्न प्रकार हुन्छन्। तल तिनको परिचय प्रस्तुत गरिएको छ।

**उपमा.** एउटा वस्तुलाई अर्को वस्तुसँग तुलना गर्नु उपमा हो। यसमा उपमान र उपमेयको सम्बन्ध हुन्छ। जसको तुल्यता देखाइएको छ, त्यो उपमान र जसमा तुल्यता देखाइएको छ, त्यो उपमेय हुन्छ। जस्तो– कुनै व्यक्तिलाई चन्द्रमासँग दाँजिएको छ भने चन्द्रमा उपमान र व्यक्ति उपमेय हो। उपमेय कम गुणवान् र उपमान उत्कृष्ट गुणवान् हुन्छ। प्रासङ्गिक उपमेय र बाह्य उपमान दुईको कुनै धर्मविशेषले तुल्यतावर्णन गरिएमा उपमा अलङ्कार हुन्छ (सिग्देल, २०५८, पृ. २१७)। जस्तै :

घरमा मेरी छन् बुढी आमा, ती सेतै फुलेकी

घरमा मेरी जहान यौटी बत्तीझैँ बलेकी । (लक्ष्मीप्रसाद देवकोटा, 'मुनामदन' बाट)

यहाँ घरकी जहानलाई बत्तीसँग दाँजिएको छ । मदनकी जहान उपमेय र बत्ती उपमान हो । दुवैले उज्यालो भन्ने बुझाउँछन्, त्यो साधर्म्यता हो ।

**मालोपमा.** एक उपमानको अनेक उपमानका साथ साम्य स्थापना भएमा या एक उपमेयका अनेक उपमान भनिएमा मालोपमा हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. १२४) । यसको उदाहरण :

चन्द्रमा रात्रिले, रात्रिमा चन्द्रले,
कान्तिमा रात्रिले, रात्रिमा कान्तिले ।
हुन्छ जस्तै प्रभा सर्वदा लोकमा
हुन्छ उस्तै प्रभा कीर्तिले नाथमा ।। (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ परस्पर मालाका फूलझैँ उपमेय उपमान मिलेकाले यो मालोपमा अलङ्कार भयो ।

**पूर्णोपमा.** उपमा हुनलाई तुल्यता गराउने धर्म, उपमान, उपमेय र सादृश्यवाचक शब्द सबै स्पष्ट उक्त भएमा पूर्णोपमा अलङ्कार हुन्छ (सिग्देल, २०५८, पृ. २१८) । जस्तै :

सन्ताप–शान्ति गरि हर्ष बढाउँनामा
सन्तोष–वृद्धि गरि खेद हटाउँनामा ।
दीनाधिनाथ रघुनाथ–समान अर्को
कोही सकस् पनि मिलेन कुनै जगत्मा ।। (कुलचन्द्र गौतम, 'राघवालङ्कार' बाट)

**लुप्तोपमा.** उपमा हुनलाई तुल्यता गराउने धर्म, उपमान, उपमेय र सादृश्यवाचक शब्द कुनै अंश स्पष्ट र कुनै अंश नभने पनि बुझिने भई गुप्त भएमा लुप्तोपमा अलङ्कार हुन्छ (सिग्देल, २०५८, पृ. २१८) । जस्तै :

जून जस्तै मुहार तिम्रो, कमलझैँ नयन ।

यहाँ सुन्दर र ठुलो भन्ने अर्थ लुप्त छ ।

**रशनोपमा.** यो विभिन्न प्रकारको हुन्छ । पूर्वपूर्वमा भनिएको उपमेय उत्तरोउत्तर उपमान बन्दै गएमा रशनोपमा भनिन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. १२९) । यसको उदाहरण :

पानी जस्तो छ त्यो ऐना, ऐना जस्तो छ चन्द्रमा ।
चन्द्र जस्तो छ वदन, नित्य निर्मल सुन्दर ।। (गोविन्दप्रसाद भट्टराई, 'पूर्वीय काव्य सिद्धान्त' बाट)

यस पद्यांशमा पानीलाई ऐनाको उपमान, ऐनालाई चन्द्रमाको उपमान र चन्द्रमालाई वदनको उपमान क्रमिक रूपमा आएका छन् ।

**उपमेयोपमा.** तृतीय सदृश निराकरण गर्नका लागि अन्य दुई वाक्यमा उपमेयोपमानका उपमानोपमेयका रूपमा निबन्धन गरिएमा उपमेयापमा अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. १४७) । 'वचन अमृतझैँ अति सुन्दर, अमृत वचन समान' भन्ने वाक्यमा 'वचन' र 'अमृत' परस्पर उपमान र उपमेय भएकाले उपमेयोपमा अलङ्कार भएको छ ।

**अनन्वय.** उही उपमान उपमेय भई द्वितीय सदृश नहुनु बुझाएमा अनन्वय अलङ्कार हुन्छ (सिग्देल, २०५८, पृ. २१८) । अनन्वय तथा लाटानुप्रासमा पुनरुक्ति उस्तै देखिन्छ । तर अनन्वयमा अर्थको पुनरुक्ति हुन्छ, लाटानुप्रासमा शब्दार्थ पुनरुक्ति आवश्यक मानिन्छ । जस्तै :

विनयी विजयी राम–समान यस लोकमा ।
ठहरिन्छन् उनै एक, पाइन्नन् अरु खोजमा ।। (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

**रूपक.** उपमान र उपमेयको अभेद गर्दा रूपक अलङ्कार हुन्छ (गौतम, १९७८, पृ. ८६) । जस्तै :

नाट्यशाला छ अकाश नाचने बिजुली नटी।
ताल दिन्छ तबल्ची भै मेघ धाकिटि धाकिटि ॥ (लेखनाथ पौड्याल, 'ऋतुविचार' बाट)

यस पद्यांशमा आकाशलाई नाट्यशाला रूपमा, बिजुलीलाई नटीका रूपमा, मेघलाई तबल्चीका रूपमा प्रस्तुत गरिएको छ।

**परिणाम.** कुनै कार्य सम्पन्न गर्न असमर्थ उपमान उपमेयसँग अभिन्न रूप भएर त्यस कार्यलाई सम्पन्न गर्न समर्थ भए परिणाम अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. १८३)। जस्तै :
विवेक रत्नाकरमा खोजेका न्याय मौक्तिक।
सुवर्णसूत्रमा उन्दा बने लायक रामका ॥ (सोमनाथ सिग्द्याल, 'आदर्श–राघव' बाट)

यहाँ उपमानभन्दा उपमेय उपयोगी भई उपमेयसँग अभिन्न बनाइएको उपमान फेरि उपमेय रूपमा परिणत भएकाले परिणाम अलङ्कार भएको छ।

**प्रतीप.** कविहरूले व्यवहारमा जुन जुन उपमान उपमेय राखी तुल्यता देखाउने प्रसिद्धि छ, त्यसको विपरीत गरी उपमान हुनेलाई उपमेय र उपमेय हुनेलाई उपमान गराएमा प्रतीप अलङ्कार हुन्छ (सिग्देल, २०५८, पृ. २१९)। जस्तै :

तिम्रो नेत्र समान नील कमल ड्वाम्मै भयो छालमा
तिम्रो वस्त्रसमान चन्द्र दबिए यो मेघको जालमा।
तिम्रो चाल लिएर लस्किरहने ती हाँस टाढा चले
तिम्रो नक्कलबाट ढाडस दिने संमन् हर्‍यो दैवले ॥ (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

**स्मृति.** पूर्वानुभूत पदार्थको सदृश अन्य पदार्थलाई देखेर त्यसको स्मृति हुनु स्मृति अलङ्कार भनिन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. १९६)। जस्तै :
डुल्छिन् सुन्दर इन्द्रिनी पनि जहाँ पानी परी लेकमा
सल्लाको वन यो सुसाउँछ त्यहाँ एक्लै बसी शोकमा
सम्झी रुन्छु म जो हिजो भरखरै माया बसेका दिन
हामी छौँ त्यति नै अनित्य जति नै राम्रो छ यो जीवन। (माधव घिमिरे, 'गौरी' बाट)

यहाँ इन्द्रिनी लागेको , लेकमा पानी परेको, सल्लाको वन सुसाएको अवस्था देखेर पहिले माया बसेको दिनको स्मरण भएको छ।

**भ्रान्ति.** अत्यन्त सादृश्यका कारण प्रस्तुतमा अप्रस्तुतको निश्चयात्मक भ्रान्तिको चमत्कारपूर्ण वर्णनलाई भ्रान्तिमान् अलङ्कार भनिन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. २०६)। जस्तै :
गाईका गोठभरि छरिएका जूनका रेखा।
देख्तैमा गर्छ कुनै पोखेको दूधको लेखा ॥ (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ 'जूनका रेखा' लाई 'पोखेको दूध' को सादृश्यमा हेरिएको छ र यसमा उपमेयमा तुल्यको भ्रम भएको छ।

**संदेह.** उपमेय र उपमानको तुल्यताबाट भएको संशय सन्देह अलङ्कार हुन्छ। जस्तै :
रूपियाँ हो कि पैसा हो म ता अल्मलिएँ भनी।
अँध्यारामा कोर्न लाग्यो घेरामा नङले अनी ॥ (सिग्देल, २०५८, पृ. २२०)

यहाँ 'घेरा' को उपमान 'रूपियाँ हो कि पैसा हो' भन्ने सन्देह भएको छ।

**उल्लेख.** ज्ञाता वा अनुभविताको भेदले वा विषयभेदले एक वस्तुको अनेक वर्णन उल्लेख अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. २३७)। जस्तै :
हृदयमा सदय, स्थिर बुद्धिमा

वचनमा दृढ, निष्ठुर युद्धमा ।
प्रभुसमान रहीरहने मही–
पति हुँदैन महीतलमध्यमा ॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट) ।

यहाँ एउटै प्रभुमा हृदय आदि स्थानभेदले विभिन्न किसिमको उल्लेख गरिएको छ ।

**अपह्नुति.** उपमेयको निषेध गरेर उपमानको आरोप भएमा अपह्नुति अलङ्कार हुन्छ (सिग्देल, २०५८, पृ. २२६) । जस्तै :

गाढा भक्ति प्रथम यही हो भो न भूतो भविष्य
राजा होइनन्, त्रिभुवन, यिनी देवता हुन अवश्य । (भीमनिधि तिवारी,'यशस्वी शव' बाट)

**प्रतिषेध.** प्रसिद्ध निषेधको पुनः निषेध गरिएमा प्रतिषेध अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. २४) । यसमा कुनै प्रसिद्ध तथ्य, स्वभाव वा वस्तुको अस्तित्वलाई नै निषेध गरिन्छ । जस्तै :

मुरली धुन बजेको हैन, मायाको पुकारा ।

यहाँ 'मुरली धुन' को साधारणतालाई निषेध गरिएको छ ।

**उत्प्रेक्षा.** प्रकृत उपमेयमा उपमान–वस्तुको सम्भावना किंवा कुनै कुरालाई कुनै कुराको कारण हो कि भन्ने सम्भावना अथवा कुनै कुरालाई कुनै कुराको फल (प्रयोजन) हो कि भन्ने सम्भावना भएमा उत्प्रेक्षा अलङ्कार हुन्छ (सिग्देल, २०५८, पृ. २२७) । जस्तै :

पृथ्वीको दिव्य सौन्दर्य नअटाएर पट्ट भै
फुटी बाहिर निस्क्यो कि पुष्पका रूपमा सबै । (लेखनाथ पौड्याल, 'ऋतुविचार' बाट )

यस पद्यांशमा पृथ्वीमा लटरम्म फलेको फल भन्ने अर्थ मात्र नभएर दिव्य सौन्दर्य नअटाएर फलका रूपमा बाहिर निस्क्यो कि भन्ने सम्भाना व्यक्त गरिएको छ ।

**तुल्ययोगिता.** वर्णनीय हुने अनेकमा अथवा अवर्णनीय हुने अनेकमा एक धर्मको सम्बन्ध बुझाएमा तुल्ययोगिता अलङ्कार हुन्छ । जस्तै :

उज्याला देखिए चन्द्र, तारका, यामिनी पनि ।
हराए घाम, सन्ताप, ग्लानी, अल्छीपना पनि ॥ (सिग्देल, २०५८, पृ. २२१)

यहाँ वसन्तको एक धर्मको सम्बन्ध अनेकमा बुझाइएको छ ।

**दीपक.** जातिवाचक, क्रियावाचक, गुणवाचक, द्रव्यवाचक शब्द एक ठाउँमा राख्दा अनेक ठाउँमा त्यसैको अन्वय हुन गयो भने दीपक अलङ्कार हुन्छ । जस्तै :

दीनचित्त भइ अन्त रहेका
कान्तिहीन धनहीन रहन्छन् ।
नाथका शरणमा जब आए
कान्तिपूर्ण धनपूर्ण रहन्छन् ॥ (गौतम, १९७८, पृ. ८६) ।

यस श्लोकमा जातिवाचक शब्दको 'कान्तिहीन धनहीन रहन्छन्' र 'कान्तिपूर्ण धनपूर्ण रहन्छन्' को अन्वय भएको छ ।

**प्रतिवस्तूपमा.** उपमेय वाक्य एवं उपमान वाक्यमा एउटै साधारण धर्मको शब्दान्तरद्वारा कथन गरिमा प्रतिवस्तूपमा अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ३२०) । जस्तै :

विद्वान्हरू नै विद्याको गहीरो मर्म बुझ्द्छन् ।
जुहारी नै निहारेर रत्नको तत्त्व जान्दछन् ॥ (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ मर्म बुझ्नु र तत्त्व जान्नु एकै धर्म भई विद्याको मर्मज्ञानमा विद्वान् र रत्नको तत्त्वज्ञानमा जुहारीबिच समानता बुझिएको छ ।

**दृष्टान्त.** अनेक वाक्यार्थमा धर्म एक नभए पनि बिम्ब र प्रतिबिम्ब जस्ता भएर ती वाक्यार्थको समानता बुझिएमा दृष्टान्त अलङ्कार हुन्छ (सिग्देल, २०५८, पृ. २२३) । जस्तै :

उपकारी गुणी व्यक्ति निहुरिन्छ निरन्तर
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ? (लेखनाथ पौड्याल, 'नैतिक दृष्टान्त' बाट)

**निदर्शना.** दुई भिन्न पदार्थका असम्भव सम्बन्धमा सादृश्यको कल्पना गरिनु निदर्शना अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ३४१) । जस्तै :

आनन्द मिल्छ मुखमा पद्मको वासना हुँदा ।
अरण्य–रोदन भयो अज्ञलाई बुझाउँदा ।। (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यस पद्यांशको पहिलो पङ्क्तिमा पद्म र मुखको वासना भिन्न भए पनि समानताले आरोपित ऐक्य बुझिनाले पदार्थ निदर्शना र दोस्रो पङ्क्तिमा अज्ञलाई बुझाउनु र अरण्यरोदन भिन्न भए पनि समान आरोपबाट वाक्यार्थ निदर्शना छ ।

**व्यतिरेक.** कुनै धर्मले समान उपमान उपमेयमा उपमानभन्दा उपमेयमा केही गुणको आधिक्य किंवा न्यूनता भई वैधर्म्य (फरक) बुझिएमा व्यतिरेक अलङ्कार हुन्छ । जस्तै :

मुखमण्डल तेजस्वी चन्द्र झैँ, तर निर्मल ।
बोलि सुधा–सरी मीठो, किन्तु रोज्दछ भूतल ।। (सिग्देल, २०५८, पृ. २२०) ।

यहाँ मुखमण्डलमा तेजस्वीपनाले चन्द्रको समानता भए पनि निर्मलताको आधिक्यले व्यतिरेक हुन पुगेको छ ।

**सहोक्ति.** सहार्थक शब्दका बलले एक शब्द अनेक अर्थहरूको बोधक हुन सहोक्ति अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ३६६) । जस्तै :

साथसाथ नरनाथ ! फौजका
छुट्तछन् सब उमेद वैरिका ।
साथसाथ कविका उमेदका
बढ्दछन् इलम आज रैतिका ।। (कुलचन्द् गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ 'छुट्छन्' क्रियामा फौजको र उमेदको सहभाव चमत्कारी छ ।

**विनोक्ति.** कुनै विषयमा कुनै कुराको अभावले भव्यता किंवा अभव्यता देखाएमा विनोक्ति अलङ्कार हुन्छ । जस्तै :

विद्या विना मनुजजन्म ठहर्छ थारो ।
ऐश्वर्य लोकहित कार्यविना लठारो ।। (सिग्देल, २०५८, पृ. २२९) ।

यहाँ विद्याको अभावमा मनुजजन्मको निन्द्यता र लोकहितको कार्यको अभावमा ऐश्वर्यको निन्द्यता देखाइएको छ ।

**अर्थान्तरन्यास.** सामान्य कथनको विशेष कथनद्वारा किंवा विशेषको सामान्यद्वारा समर्थन गर्नु अर्थान्तरन्यास अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ३८३) । जस्तै :

क्षत्रिको छोरो यो पाउ छुन्छ, घिनले छुँदैन ।
मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।। (लक्ष्मीप्रसाद देवकोटा, 'मुनामदन' बाट)

माथिको पहिलो पङ्क्तिमा क्षत्रि र प्रसङ्गमा आएको भोटे विशेष शब्द हुन् र मानिस सामान्य शब्द हो । दोस्रो पङ्क्तिले पहिलो पङ्क्तिको कथनलाई समर्थन गरेको छ ।

**विकस्वर.** केही अप्रस्तुत वस्तुको वर्णन गरेर त्यसमा समर्थन गर्दा पनि चित्त नबुझेर फेरि समर्थन गरेमा विकस्वर अलङ्कार हुन्छ । जस्तै :

प्रसिद्धिमा हेतु सुयोग्य वस्तुको
परिग्रहै हो भनि लोक भन्दछन् ।
ललाटमा सुन्दर बालचन्द्रमा
लिने हुँदा शङ्कर भालचन्द्र छन् ।। (गौतम, १९७८, पृ. १२८–१२९) ।

यस श्लोकमा 'योग्य वस्तुको परिग्रह प्रसिद्धिमा कारण हुन्छ' भन्ने भनाइले पनि चित्त नबुझी दृष्टान्तरूपले 'ललाटमा बालचन्द्र लिएका हुनाले शङ्करले भालचन्द्र भन्ने प्रसिद्धि पाए' भन्ने भनाइले समर्थन गरेको छ ।

***विरोधगर्भ वर्ग अर्थालङ्कार***

कुनै जाति, क्रिया, द्रव्यका बिच विरोध परेको अर्थात् विपरीत अर्थमा प्रयोग गरिएमा विरोधगर्भ अलङ्कार हुन्छ । विरोधगर्भ अर्थालङ्कारका पनि विभिन्न प्रकार हुन्छन् । तिनका परिचय तल दिइएको छ ।

**विरोधाभास.** पहिला झमट्मा शब्दार्थको विरोध (अयुक्तता) झल्केर आखिरमा विरोध नठहरिने भएमा विरोधाभास हुन्छ । जस्तै :

पानी विना अघि थियो सबलाई गोता,
सर्कारबाट करुणा गरिबक्सनाले ।
पानी प्रशस्त अब पाटनमा हुनाले,
सुस्खै छ, निश्चय अरण्य छ पुण्य यो ता ।। (गौतम, १९७८, पृ. १३८–१३९) ।

यहाँ 'पानीविना गोता (डुबुल्की) हुनु र पानी हुँदा सुस्खै (सुख्खा नै) रहनु जस्तो विरोध झल्केर अन्त्यमा सुख्खा र सुखद्वारा विरोध नठहरिँदा विरोधाभास भयो ।

**असम्भव.** कुनै कार्यको सिद्धिको विषयमा असम्भवताको वर्णन असम्भव अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ४१६) । जस्तै :

आफू सानै छँदा यो प्रबल भरत झैँ सिंहका साथ खेल्थ्यो
जो जो हुन् आइलाग्ने रिपुहरू उनमा जाइलाग्थ्यो धकेल्थ्यो । (लेखनाथ पौड्याल, 'श्रद्धाञ्जलि' बाट)

यसमा बालकको वीरता बुझाउन असम्भव कुराको वर्णन गरिएको छ ।

**विभावना.** प्रसिद्ध कारण नभए पनि कार्य भएमा विभावना अलङ्कार हुन्छ । जस्तै :

हिँड्दा लाल भयो पाउ नलाए पनि माहुर (सिग्देल, २०५८, पृ. २३५) ।

यहाँ माहुर नलगाई पनि पाउ लाल भएको अवस्थाको वर्णन छ ।

**विशेषोक्ति.** कार्यको सामग्री पूरा देखाएर कार्य नभएको वर्णन गर्दा विशेषोक्ति हुन्छ । जस्तै :

वीर छन् सकल रत्न साथमा
बाहुमा सब सवाल सूत्र छन् ।
हार छैन करुणानिधानको
यो बुझेर सब छक्क पर्दछन् ।। (गौतम, १९७८, प. १३९) ।

यस श्लोकमा रत्न र सूत्र तयार हुँदा पनि हार (माला) वर्णन गरिएकाले विशेषोक्ति अलङ्कार भयो ।

**सम.** अनुरूप पदार्थहरूको परस्पर योग्य सम्बन्धको वर्णन गरेमा सम अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ४३९) । जस्तै :

शरत्को पूर्णिमा ज्यादै शोभियो पूर्ण चन्द्रले ((सिग्देल, २०५८, पृ. २४१)

यहाँ शरदको पूर्णिमा र पूर्ण चन्द्रको योग्य सम्बन्धको वर्णन छ ।

**विचित्र.** कुनै फलसिद्धिका निमित्त गर्नुपर्ने उपाय नगरेर विरुद्ध उपाय गरे पनि फलसिद्धि भएको वर्णन गर्दा विचित्र अलङ्कार हुन्छ । जस्तै :

प्रभुका चरणारविन्दका
नखपङ्क्तिद्युतिका प्रवाहमा ।
अतिशीघ्र भयो नुहाउँदा
शिर ठाडो र पवित्र सर्वदा ॥ (गौतम, १९७८, पृ. १८६) ।

यहाँ शिर ठाडो राख्नका लागि गर्नुपर्ने उपाय नगरी त्यसको विरुद्धउपाय गर्दा पनि फलसिद्धि (ठाडोपना) भएको हुनाले विचित्र अलङ्कार भएको छ ।

**अधिक.** आधारभन्दा आधेय बढी देखाएमा अधिक अलङ्कार हुन्छ । जस्तै :

आकाश पनि नाघेर कीर्ति चौतर्फ बढ्दछ (सिग्देल, २०५८, पृ. २३८) ।

यहाँ आकाशमा पनि नअटाउने कीर्तिको विस्तार देखाइएको छ ।

**अल्प.** अधिक अलङ्कारको विपरीत अल्प अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ४६१) । जस्तै :

रहन्छ राजी अतिदर्शनीय जो
प्रजाहरूका नयनारविन्दमा ।
पवित्र सो गात्र दयानिधानको
रह्यो उनैका हृदयाणुमध्यमा ॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ प्रजाको नेत्रकमलमा रहने प्रभुका गाथको सूक्ष्मता कल्पना गरेर त्यो गाथको मुख्य आधार प्रजाहरूको हृदयपरमाणु कल्पना गरिएकाले अल्प अलङ्कार भयो ।

**अन्योन्य.** दुई पदार्थहरूले परस्पर एउटै कार्य सम्पादित गरेमा अन्योन्य अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ४६५) । जस्तै :

मधुर वचन राजन् ! दानको गर्छ शोभा
मधुरवचनको सो दानले गर्छ शोभा । (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ मधुर वचनले दानको, दानले मधुर वचनको परस्पर शोभा बढाउने काम गरेका छन् ।

**विशेष.** प्रसिद्ध आधार नहुँदा पनि आधेय त्यसै रहेको वर्णन गरियो भने विशेष नामक अलङ्कार हुन्छ । जस्तै:

शत्रुवर्ग सब दाउरा थिए
वेपता हुन गए, कता गए ?
यो प्रतापमय अग्नि दन्दनै
बल्दछ, प्रबल हुन्छ दिन्दिनै ॥ (गौतम, १९७८, पृ. १५४–१५५)

यस श्लोकमा दाउरा नहुँदा पनि आगो बलेको वर्णन गरिएको छ ।

**मुद्रा.** प्रस्तुत अर्थलाई सूचित गर्ने पदहरूद्वारा सूचनीय अर्थको सूचना दिनेवालाको वर्णन मुद्रा अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ४७८) । जस्तै :

जस्तै गल्छन् मत्तमयूरध्वनि सुन्दा
ठाडै टिप्ने दर्प हुने सर्प हजारौँ ।
नामै सुन्दा चन्द्रमहीन्द्रप्रभुको यो
उस्तै गल्छन् कष्ट दिने दुष्ट हजारौँ ॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

**रत्नावली.** प्रसिद्ध क्रमानुसार कुनै वस्तुको स्थिति वर्णन गरेमा रत्नावली अलङ्कार हुन्छ । जस्तै :

प्रजापति स्पष्ट भएर योगले
प्रसिद्ध लक्ष्मीपति होइबक्सियो ।
महेशता नित्य रहन्छ गाथमा
पवित्र देवत्रय राखिबक्सियो ।। (गौतम, १९७८, पृ. २१४) ।

यहाँ राजाको गाथमा ब्रह्मा, विष्णु र महेश्वरको क्रमानुसार वर्णन गरिएको छ ।

**व्याघात.** विपरीत गराउने साधनबाटै कसैले सुल्टो गराएमा व्याघात अलङ्कार हुन्छ । जस्तै :

दृष्टिले दग्ध मदन त्यसैले स्त्री जिलाउँछन् (सिग्देल, २०५८, पृ. २३४) ।

यहाँ शिवको दृष्टिले जलाएको मदनलाई स्त्रीहरूले दृष्टिले नै जिलाएको हुँदा व्याघात छ ।

**विधि.** स्वतः जानिएका कुराको विधान गरेर केही गम्भीर अर्थ झल्काउँदा विधि नामक अलङ्कार हुन्छ । जस्तै :

जहाँजहाँ गएँ तहाँ, जहाँतहाँ नजर्दिएँ
दयालुमा उदारमा सुशीलमा प्रतापिमा ।
अरू अरू, प्रभु प्रभु प्रमाणसिद्ध यो भयो
अवश्य जन्तु जन्तु हो अवश्य सिंह सिंह हो ।। (गौतम, १९७८, पृ. १९७)

यहाँ जानिएका कुराको विधान गरेर गम्भीर अर्थ बुझिने हुँदा विधि नामक अलङ्कार भएको छ ।

**असङ्गति.** कारण कार्य एकै ठाउँमा रहनुपर्नेमा बेग्लाबेग्लै ठाउँमा रहने भएमा असङ्गति अलङ्कार हुन्छ । जस्तै :

विष (जल) ले भरियो मेघ, प्रवासी हुन्छ मूर्छित (सिग्देल, २०५८, पृ. २३५) ।

विषको अर्थ जल भन्ने पनि हुन्छ, जलपानले प्रवासी मूर्छित हुनु असङ्गति छ ।

**आक्षेप.** केही कुराको आक्षेप (व्यङ्ग्य गराएर बुझाउनु) का निमित्त केही कुराको आक्षेप (निषेध) गरेमा आक्षेप अलङ्कार हुन्छ । जस्तै :

मधुर वचन यौटा, रैतीका चित्त लाखौं,
किन किन वचनैले चित्त निश्चेष्ट पार्‍यो ।
घर घर सब गर्छन् यो कुरा के पत्याऊँ
शिव ! शिव ! म भुलेँ है, ठीक हो, चित्त हार्‍यो ।। (गौतम, १९७८, पृ. १०६–१०७)

यहाँ अपत्यारलाई अयोग्य गराइएको छ ।

**विषम.** कारण र कार्य अमिल्दो किसिमको देखाएमा वा बेमिल्दाहरूको घटना देखाएमा वा गरेको काम निष्फल भई उल्टो हानिसमेत भएको देखाएमा विषम अलङ्कार हुन्छ । जस्तै :

कहाँ त्यो सरस प्रेम कहाँ ताप विछोडले (सिग्देल, २०५८, पृ. २३६) ।

यहाँ सरस प्रेमसँग नमिल्ने विरहसन्तापको वर्णन गरिएको छ ।

**विषादन.** दुई अननुरूप पदार्थहरूका परस्पर सङ्घटन विषम अलङ्कार र अभीष्टार्थका विपरीत फलको प्राप्ति विषादन अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ५२९) । जस्तै :

काट्तछु सुख भनेर खुशीले
नाथका शरणमा कवि आए ।
दुःख काटिन गए सब, उन्ले
अन्तमा सुख अचिन्तित पाए ।। (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ सुखका दिन काट्ने इच्छा भएर महाराजको शरणमा आएका कविहरूका दुःख काटिए भन्ने अर्थ बुझिएको छ ।

***शृङ्खलामूलक अर्थालङ्कार***

श्रृङ्खलामूलक अलङ्कारमा सादृश्य र सम्बन्ध प्रस्तुत गरिएको हुन्छ । श्रृङ्खलामूलक अर्थालङ्कारका पनि विभिन्न प्रकार हुन्छन् । ती निम्नलिखित प्रकार छन् :

**कारणमाला.** कारण र कार्यको श्रृङ्खला पर्दै आएमा कारणमाला अलङ्कार हुन्छ । जस्तै :

विद्याले नम्रता हुन्छ, नम्रताबाट सभ्यता (सिग्देल, २०५८, पृ. २४०) ।

यहाँ विद्याका कारण नम्रता कार्य र नम्रताका कारण सभ्यता कार्य श्रृङ्खला पर्दै आएका छन् ।

**एकावली.** पूर्वपूर्व पदार्थप्रति उत्तरोत्तर पदार्थका विशेषण रूपमा स्थापन या निषेध एकावली अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ५४४) । जस्तै :

ज्ञानले शोभिने वृद्ध, वृद्धले शोभिने सभा । (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ कारण–कारणदेखि इतर विशेषण र विशेष्यको श्रृङ्खला परेको छ ।

**मालादीपक.** परस्पर जोरिएर रहेका अनेक पदको एक धर्ममा सम्बन्ध हुँदा मालादीपक अलङ्कार हुन्छ (गौतम, १९७८, पृ. ९०) । जस्तै :

मदन झैँ अतिसुन्दर रूपमा, शशिसरी अतिशीतल नेत्रमा
रवि–समान समुज्ज्वल तेजमा ठहरिए रघुनायक लोकमा । (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ एउटै उपमेय 'रघुनायक' को मदन, शशि र रविका साथ साम्य देखाइएको छ ।

**सार.** वर्णनीय वस्तुको उत्तरोत्तर उत्कर्ष या अपकर्षको वर्णन धारावाहिक रूपले चरम सीमासम्म गरिएमा सार अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ५५९) । जस्तै :

सबभन्दा सुधा मीठो, सुधाभन्दा कवित्व छ । (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ उत्तरोत्तर उत्कर्षको वर्णन छ ।

***गूढार्थ प्रतीतिमूलक अर्थालङ्कार***

एउटा अर्थको लक्ष्य गरी भनिएको तर अर्कै कुरा भनिएको अलङ्कारलाई गूढार्थ प्रतीतिमूलक अलङ्कार भनिन्छ । गूढार्थमूलक प्रतीतिमूलक अर्थालङ्कारका पनि विभिन्न प्रकार हुन्छन् । ती निम्नलिखित प्रकार छन् :

**सूक्ष्म.** आकार वा चेष्टाद्वारा संलक्षित सूक्ष्म अर्थको कनै युक्तिद्वारा प्रकाशित हुनु सूक्ष्म अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ५६९) । जस्तै :

सङ्केत–कालको निम्ति खुम्च्याइन् पद्म हातको । (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ नायिकाले कमल खुम्च्याएर राती भेट्ने सङ्केत प्रेमीलाई दिएको बुझिन्छ ।

**व्याजोक्ति.** प्रकट हुन लागेका कुरालाई लुकाउनका लागि व्याजले (छलले) केही उक्ति गरेको वर्णन गर्दा व्याजोक्ति हुन्छ (गौतम, १९७८, पृ. २२४) । जस्तै :

शिवजीको हातमाथि पार्वतीको हात
हिमालले राखिदिए बडो खुशीसाथ
रोमाञ्चित भए शिव पार्वतीले छुँदा
जाडो भन्ने निहुँ गरी छिटो मागे बिदा । (ऋषभदेव, 'काव्यमञ्जरी' बाट)

यहाँ शिवजी रोमाञ्चित भएको कुरा लुकाउन जाडो भएको बहाना गरेको वर्णन छ ।

**स्वभावोक्ति.** नानाप्रकारको सांसारिक वस्तुको यथास्थित स्वरूप झल्काउनुलाई स्वभावोक्ति अलङ्कार भनिन्छ (गौतम, १९७८, पृ. ३०) । जस्तै :

कैले बस्तछ छेउमा सडकको खुम्चाई छाती, अनि
कैले हेर्दछ पूर्वतर्फ नभमा लाली चढ्यो कि भनी ।
काखीमन्तिर जोडले कर दुवै छोपेर 'स्यू: स्यू:' गरी
काम्यो लुग्लुग त्यो गरीब बिचरा त्यसमा दया गर्छ को ? (भीमनिधि तिवारी, 'काम्यो लुग्लुग त्यो' बाट)

यस श्लोकमा जाडो महिनाको बिहानीपखको जाडोमा गरिबको अवस्थाको स्वाभाविक वर्णन गरिएको छ ।

**भाविक.** भूत, भावी कुरा प्रत्यक्ष भएको वर्णन गर्दा भाविक अलङ्कार हुन्छ । जस्तै :

महाभारतको युद्ध ऐल्हे झैँ देख्छु झल्झल । (सिग्देल, २०५८, पृ. २३४) ।

यहाँ पहिला भएको युद्धको प्रत्यक्ष वर्णन गरिएको छ ।

***गोपनमूलक अर्थालङ्कार***

अप्रस्तुत कथनद्वारा प्रस्तुतको प्रतीति गोपनमूलक अलङ्कार हो । गोपनमूलक अर्थालङ्कारका पनि विभिन्न प्रकार हुन्छन् । ती निम्नलिखित प्रकार छन् :

**पिहित.** अर्काको लुकेको रहस्यलाई आकारद्वारा सूचित गर्नु पिहित अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ६१५) । जस्तै :

जो जो फर्के वीर उन्लाई भत्ता
जागीर्पूरा बक्सियो योग्य दर्जा ।
कार्यज्ञाता नाथलाइ स्वभावै
यस्तो गर्दा वीरले हुन्न हर्जा ॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ वीरहरूको विजयवृत्तान्तलाई भत्ता, दर्जा आदि प्रदानद्वारा लोकमा प्रकाश पारिएको छ ।

**अप्रस्तुतप्रशंसा.** कुनै अप्रासङ्गि गरेर प्रासङ्गिक कुरा बुझाएमा अप्रस्तुत अलङ्कार हुन्छ । जस्तै :

यो पद्म हेर सुमुखि ! नुही थोपा चुहाउँछ । (सिग्देल, २०५८, पृ. २३०) ।

यहाँ पद्मले नुहेर थोपा चुहाउनु कार्यको अर्थ कारणस्वरूप पद्मलाई मुखले जित्नु भन्ने बुझाएको छ ।

**प्रस्तुताङ्कुर.** प्रस्तुत वृत्तान्तद्वारा अन्य प्रस्तुत वृत्तान्तको व्यञ्जना प्रस्तुताङ्कुर अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ६३१) । जस्तै :

भमरा, मालती हुँदाहुँदै काँडाले भरिएको केतकीसँग किन ?

यहाँ नायिकाले नायकलाई चरित्रहीन नायिकासँग उद्यानमा रमण गरेको अवस्थामा भनेको हो । भमराले कामुक भन्ने अर्थ पनि बुझाएको छ र चरित्रहीन नायिकालाई काँडाले भरिएको केतकी भनिएको छ ।

**समासोक्ति.** प्रकृत कुरालाई कार्य, स्त्री–पुलिङ्ग, विशेषण आदिको समानताबाट अप्रकृतको व्यवहारको आरोप गरी देखाएमा समासोक्ति अलङ्कार हुन्छ । जस्तै :

कलिलो लहरालाई रसिलो नववृक्षले ।
प्रेमले देहमा बाँधी अँगालेर उठाउँछ । (सिग्देल, २०५८, पृ. २२९)

यहाँ वृक्षले लहराले आड दिई उठाएको भन्ने प्रकृत कुरा हो । त्यसलाई प्रेमीले प्रेमिकालाई अँगालेर उठाएको भन्ने अर्को अर्थमा ढालेर देखाइएको छ ।

**व्याजस्तुति.** पहिला झमट्मा निन्दा झल्कने र विचार गर्दा स्तुति ठहरिने अथवा पहिला झमट्मा स्तुति झल्कने र विचार गर्दा निन्दा गरिएको ठहरिने भएमा व्याजस्तुति हुन्छ । जस्तै :

औदार्यको विषयमा सब मौन धर्छन्
क्या ? दानशक्ति कविराज बयान गर्छन् ।
आशा गरेर जब शत्रु अगाडि सर्छन्
पीठै नपाई प्रभुबाट भुतुक्क मर्छन् ॥ (गौतम, १९७८, पृ. १४१–१४२) ।

यहाँ पीठो नै नपाउने कविहरूले महाराजको के दानशक्तिको बयान गर्छन् भन्ने निन्दाबाट महाराजले युद्धमा शत्रुलाई पीठ नदेखाउने, उनको उदारताको बयान गर्न कविहरूले सक्दैनन् भनेर स्तुति गरिएको छ ।

**पर्यायोक्ति.** जुन अर्थ व्यङ्ग्य गराउनु परेको छ, त्यसलाई विलक्षण वाक्यरचनाद्वारा झन् सुन्दर पारेर झल्काउनु पर्यायोक्ति हो । कुने कुरालाई घुमाएर बुझाउनु पर्यायोक्ति हो । जस्तै :

शीतका बुँदा बोकेर घुम्नथाल्यो बतास यो । (सिग्देल, २०५८, पृ. २२९)

यहाँ बिहानी हुन लाग्यो भन्ने कुरा शीतका बुँद बोकेर बतास घुम्नथाल्यो भन्ने भनाइद्वारा व्यक्त गरिएको छ ।

**निरुत्ति**. कुनै नामको प्रसिद्ध अर्थलाई छोडेर व्युत्पत्तिद्वारा अन्य चमत्कारपूर्ण अर्थको कल्पना गर्नु निरुक्ति अलङ्कार हो (सहाय ‘हीरा’, सन् १९७४, पृ. ६६९) । जस्तै :

अनन्त–सन्ताप हटाउने गरी
असीम आह्लाद गराइबक्सियो ।
दयासुधासागर ! चन्द्रशब्दको
यथार्थता सत्य गराइबक्सियो ॥ (गौतम, १९७८, पृ. २२३–२२४)

यहाँ ‘आह्लाद गर्नाले चन्द्रशब्द यथार्थ भयो’ भन्नाले चन्द्रशब्दको अर्थप्रकाश भएको छ ।

**विवृतोक्ति.** उक्तिचातुर्यद्वारा गुप्त रहस्यलाई प्रकट गर्नु विवृतोक्ति अलङ्कार हो (सहाय ‘हीरा’, सन् १९७४, पृ. ६७२) । यसको उदाहरण :

शरीर कम्प गरेर बात यो
सबै बल क्षीण गराउँदै गयो ।
भनेर बाठो अरिवर्ग युद्धको
असह्य सो बात जनाउँदो भयो ॥ (गौतम, १९७८, पृ. २२५)

यहाँ शत्रुवर्गले बातका बहानाले गुप्त पारेको भयकम्पलाई ‘बाठो शत्रुले यस्तो कुरा गरेर युद्धको खबर ल्यायो’ भन्ने कविको उक्तिबाट प्रकट गरिएको छ ।

**गूढोक्ति.** एउटाको लक्ष्य गरेर अर्कोसँग केही कुरा गरेको वर्णन गर्दा गूढोक्ति हुन्छ (उपाध्याय, गौतम, २०४८, पृ. १३८–१३९) । जस्तै :

सन्ताप यो विविध रूप अनल्प आयो
कल्पल्छु रुन्छु करुणा गर यो छुटाऊ,
प्रत्यक्ष भैकन नकल्प नकल्प भन्दै
हे कल्पवृक्ष ! अब लौ अघि सर्न आऊ । (कुलचन्द्र गौतम, ‘राघवालङ्कार’ बाट)

यहाँ भगवान् रामलाई लक्ष्य गरेर कल्पवृक्षसँग सन्ताप छुटाइदिने भनिएको छ ।

**मिथ्याध्यसिति.** कुनै असत्य अर्थलाई सिद्ध गर्नका लागि अर्को मिथ्या अर्थको कल्पना गर्नु मिथ्याध्यवसिति अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ६७७) । जस्तै :

आकाशपिण्ड अति नील छ यो गलाई
ब्लूब्लाक सिद्ध गर जाँगर खूब लाई ।
हे मित्र ! उत्तम मषी नहुने नदेखे
त्यस्ले महाप्रभुचरित्र समग्र लेखे ।। (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ हामीहरू जस्ता तुच्छ बुद्धिबाट महाप्रभुको चरित्र लेख्नु असम्भव छ भन्ने सिद्ध गर्नलाई आकाशपिण्डको मसी बनाएर प्रभुचरित्र लेख भन्ने असम्भव कल्पना गरिएको छ ।

**लोकोक्ति.** लोकमा चलेको उखानलाई वाक्ययोजनामा जोड्दा लोकोक्ति अलङ्कार हुन्छ । जस्तै :

अमीरको तुल्य गरीबको पनी
निसाफ मिल्दा सब दङ्ग पर्दछन् ।
यथार्थ साजा सबको निसाफमा
रहेर राजा व्यवहार गर्दछन् । (गौतम, १९७८, पृ. १८५) ।

यहाँ 'राजा सबका साजा' भन्ने उक्तिलाइ वाक्ययोजनामा जोडेको हुनाले लोकोक्ति भयो ।

**छेकोक्ति.** लोकमा प्रचलित कुनै भनाइका वर्णन लोकोक्ति अलङ्कार हो, अर्थान्तरगर्भ लोकोक्ति छेकोक्ति अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ६९१) । जस्तै :

नपढेकाहरूले पुस्तक पाउनु कागलाई बेल पाक्यो हर्ष न बिस्मात जस्तै हो ।

यहाँ नपढेकाहरूले पुस्तक पाउनुको केही अर्थ छैन भन्ने अर्थलाई प्रभावकारी बनाउन 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' भन्ने लोकोक्तिको प्रयोग भएको छ ।

**युक्ति.** क्रियाचातुर्यद्वार गुप्त रहस्यलाई लुकाएर अर्कोको वञ्चना गर्नु युक्ति अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ६९४) । जस्तै :

चौगिर्द मर्दहरू खूब तयार जानी
श्रीचन्द्रको अतुल नाम सुनेर वैरी ।
हेमन्तमा पनि खन्याउँछ पानी
के ? हेतु हो सुजन हो ! गर खूब ऐरी ।। (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ महाराजको नाम सुनेर वैरीले जाडामा चिसो पानी खन्यायो भन्ने भनाइमा काँप्न लाग्यो भन्ने अर्थ व्यञ्जित छ ।

**उल्लास.** एउटाका गुणबाट अर्कालाई गुण (फाइदा) भएको वर्णन गर्दा उल्लास अलङ्कार हुन्छ (गौतम, १९७८, पृ. २०२) । जस्तै :

प्रकाश विद्यालय जो हुँदाभए
अनेक विद्यापरिपूर्ण राज्यमा ।
प्रकाश आयो तब यो अपूर्वको
प्रजाहरूका हृदयारविन्दमा ।। (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ विद्यालयका प्रकाशरूपगुणबाट प्रजाका हृदयारविन्दलाई प्रकाशरूपगुण भएको हुँदा उल्लास अलङ्कार भएको छ ।

**अवज्ञा.** एउटाको गुणदोषद्वारा अर्काको गुणदोषको आधान नहुनु अवज्ञा अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ७०४) । जस्तै :

जहाँतहीँ कीर्ति दयानिधानकी
अपूर्व आह्लाद गराउँदी भइन् ।
हुँदैन आह्लाद तथापि शत्रुमा
डुलेर उन्का घरमा वृथा गइन् ॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ शत्रुमा आह्लादरूपगुण नबुझिएकाले अवज्ञा अलङ्कार भयो ।

**अनुज्ञा.** दोषमा पनि केही उत्तम गुण देखेर त्यही दोषको प्रशंसा गरेको वर्णन गर्दा अनुज्ञा अलङ्कार हुन्छ । जस्तै :

गरीबमाथी करुणानिधानको
अपूर्व उस्तो करुणा हुँदै गयो ।
धनाढ्यताले फल हुन्छ के ? सफा
नफा गरीबै रहँदा हुने भयो ॥ (गौतम, १९७८, पृ. २०६–२०७) ।

यहाँ महाराजले गरिबमाथि अपार करुणा गरिबक्सेकाले म धनाढ्य भएकाले फाइदा हुन सकेन भनेर महाराजको प्रशंसा गरिएको छ ।

**ललित.** वर्णनीय वृत्तान्तका कथन नगरी त्यसका प्रतिबिम्बको वर्णन गर्नु ललित अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ७१०) । जस्तै :

रहेर कल्पद्रुमका समक्षमा
शमीसमानै सब वृक्ष दर्दछन् ।
प्रभावशालीहरु भाग्यहीनका
अभाग्यताको उपहास गर्दछन् ॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ महाराजका निकट पुग्नेहरू अरूलाई निष्फल र अभागी ठानी उपहास गर्छन् भन्ने अर्थ नभएर कल्पवृक्षका नजिक पुगेकाहरू अरू वृक्षलाई फलरहित शमी जस्तो ठान्छन् र कल्पवृक्षका नजिक पुग्न नसकेकाहरूको अभाग्यताको उपहास गर्छन् भन्ने वर्णन गरिएको छ ।

**परिकर.** साभिप्राय विशेषण राखेमा परिकर अलङ्कार हुन्छ (गौतम, १९७८, पृ. १७८) । जस्तै :

प्राणाधार ! विधाता ! जीवन–सर्वस्व ! हे नाथ !
कसरी सहूँ विरह यो, सहेन दुर्दैवले साथ ॥ (सोमनाथ सिग्द्याल, 'आदर्श राघव' बाट)

यहाँ भावपूर्ण विशेषणहरूको आधिक्य रहेको छ ।

**परिकराङ्कुर.** साभिप्राय विशेष्यका प्रयोग परिकराङ्कुर अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ७३४) । जस्तै :

अनीति होला कसरी ? जहाँतहाँ
क्षितीश यस्ता गुणपूर्ण छन् ।
रहन्छ केको ? अब ताप लोकमा
नरेश साक्षात् प्रभु चन्द्र छन् भने ॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यस श्लोकमा 'गुणपूर्ण' विशेषणबाट 'अनीतिलाई हटाउने' अर्थले परिकर र 'चन्द्र' विशेषणले 'ताप हटाउने' अर्थ बुझाउने हुनाले परिकराङ्कुर अलङ्कार हुन्छ ।

*लोकन्यायमूलक अर्थालङ्कार*

कुनै कुराको कारण, गुण वा अर्थ सिद्ध गर्ने अलङ्कार न्यायमूलक हो । लोकन्यायमूलक अर्थालङ्कारका पनि विभिन्न प्रकार हुन्छन् । ती निम्नलिखित प्रकार छन् :

**हेतु.** कारण तथा कार्यको एकसाथ कथन हेतु अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ७२९) । जस्तै :

आरोग्य नै जीवन हो, विद्या हो सुख–जीवन । (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ जीवनको साधन आरोग्य, सुखजीवनको साधन विद्यामा जीवनको अभेद आरोप भएकाले हेतु अलङ्कार भएको छ ।

**अनुमान.** शुद्ध हेतुबाट साध्यको ज्ञान भएको वर्णन गर्दा अनुमान अलङ्कार हुन्छ । जस्तै :

दयासुधासागरका स्वरूपको
अपूर्वको दर्शन पाइने भयो ।
चले सवारी सब भारदारका
बजे बिकुल् भोर हुँदा सलामका ।। (गौतम, १९७८, पृ. २३९) ।

यहाँ अगाडिका दुई पङ्क्तिले साध्यको र पछिल्ला दुई पङ्क्तिले साधन (हेतु) बुझाएका छन् ।

**काव्यलिङ्ग.** कुनै पदार्थ अथवा वाक्यार्थ केही कुरा सिद्ध गर्ने उपपादक हेतु भएमा काव्यलिङ्ग अलङ्कार हुन्छ । जस्तै :

चन्द्र–शेखरको सेवा भवसन्ताप हर्दछ ।
विद्या त्यो ज्योति, यसले भित्री तिमिर मर्दछ ।। (सिग्देल, २०५८, पृ. २३८–२३९) ।

यहाँ सन्ताप–हरणलाई चन्द्र–शेखरको सेवा उपपादक हुनाले पदार्थहेतुक काव्यलिङ्ग उत्तरभागमा विद्या ज्योति हुनालाई अज्ञानरूप अन्धकार हरण गर्नु उपपादक भएकाले वाक्यार्थहेतुक काव्यलिङ्ग छ ।

**विशेषक.** सामान्य भई दुई नछुट्टिएको कुरा कारणवश छुट्टियो भने विशेषक अलङ्कार हुन्छ । जस्तै :

बोलीले छुट्टिनगयो मुख पद्मसमूहमा । (सिग्देल, २०५८, पृ. २३८–२२८)

यहाँ पद्मसमूहमा नछुट्टिएको मुख बोलीले छुट्टिएको हुँदा विशेषक छ ।

**पूर्वरूप.** अर्को व्यवस्था हुँदा पनि पहिलेका अवस्थाको चालचलन भएको वर्णन गर्दा पूर्वरूप अलङ्कार हुन्छ । जस्तै :

उ–दास छैनन् र अवश्य चित्तका
मजा उडाए अब शान्त–चित्त छन् ।
मिले उ–ज्याला सब पेट भर्दछन्
पुरानु चाला अझ शत्रु गर्दछन् ।। (गौतम, १९७८, पृ. २२०—२२१) ।

यहाँ अर्कै अवस्थामा पुगेका शत्रुहरूको प्राचीन अवस्था र आधुनिक अवस्था श्लेषद्वारा समान किसिमको वर्णन गरिएको छ ।

**तद्गुण.** आफ्नो गुणलाई छोडेर निकटवर्ती उत्कृष्ट गुणवाला वस्तुका गुण ग्रहण गर्नु तद्गुण अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ७८५) । जस्तै :

बन्यो पहेँलो भ्रमरा पद्मकेसर टाँसिँदा । (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ भमराले आफ्नो गुण छोडी पद्मको केसरको पहेँलो गुण ग्रहण गरेको छ ।

**अतद्गुण.** असम्भव हुँदा पनि निकटवर्ती उत्कृष्ट वस्तुको गुणको अग्रहण अतद्गुण अलङ्कार हो (सहाय 'हीरा', सन् ९७४, पृ. ७९३) । जस्तै :

राागी हृदयमा राखे पनि रङ्गिन्न नीरस । (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ नीरस  व्यक्तिले रागभावमा राखे पनि त्यसमा मिसिँदैन भन्ने अर्थ बुझिएको छ ।

**समाधि.** केही कार्यको आरम्भ हुन लागेमा दैवसंयोगले साहाड्ढय आएर सुगमताले कार्यसिद्धि भएको वर्णन गर्दा समाधि अलङ्कार हुन्छ । जस्तै :

सबलाई गुणी बनाउने
जब उद्योग ठुलो भयो शुरू ।
तब ईश्वरले प्रजा सबै
गुणलुब्धै गरिए खुरूखुरू ॥ (गौतम, १९७८, पृ. २३०)

यहाँ प्रभुबाट प्रजालाई गुणी गराउने उद्योग हुन लागेमा प्रजाहरू गुणाभिलाषी भएकाले उद्योग सिद्धि हुने वर्णन छ ।

**मीलित.** उत्कृष्ट गुणवाला वस्तुमा तादृश वस्तु लुक्नाले कुनै प्रकारको भिन्नता नहुनु मीलित अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ८०१) । जस्तै :

लालीका रङ्ग देखिन्न प्रियाको लाल ओठमा । (सिग्देल, २०५८, पृ. २२७)

**उन्मीलित.** एक वस्तुमा अर्को वस्तु लुक्नुबाट कुनै कारणविशेषद्वारा भेदको ज्ञान हुनु उन्मीलित अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ८१३) । जस्तै :

जानियो बल्ल चीसोले कालो लम्पटमा मसी । (सिग्देल, २०५८, पृ. २२८)

यहाँ कालो लम्पटमा दबिएको मसी चिसोले थाहा भएको हुँदा उन्मीलित छ ।

**प्रत्यनीक.** आफ्नो बलवान् शत्रुका तिरस्कार गर्नमा अशक्य कुनै व्यक्तिद्वारा यदि त्यससम्बन्धी तिरस्कार गरिएमा प्रत्यनीक अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ८१७) । जस्तै :

जितेर षड्वर्ग खटाइबक्सियो
मदप्रमाथी दमलाई साथमा ।
दगा धरेर प्रभुका गजेन्द्रको
चढ्यो मद व्याप्त गरेर माथमा । (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ परास्त भएका मदले प्रभुमा चढाइ गर्न नसकेर प्रभुका गजेन्द्रमा चढाइ गरेको बुझिन्छ ।

**प्रतीप.** जुनजुन उपमान र उपमेय राखी तुल्यता देखाउने प्रसिद्धि छ, त्यसका विपरीत उपमान हुनेलाई उपमेय र उपमेय हुनेलाई उपमान गराएमा प्रतीप अलङ्कार हुन्छ । जस्तै :

यिनका नेत्र झैँ पद्म, मुख झैँ चन्द्रमा अनि । (सिग्देल, २०५८, पृ. २१९)

यसमा कमलको तुल्यता  नेत्रमा र चन्द्रको तुल्यता मुखमा प्रसिद्धिको विपरीत सादृश्य बुझाएको छ ।

**विकल्प.** तुल्य बलवाला परस्पर दुई विरोधी पदार्थहरूमा एउटै समयमा एकत्र स्थितिमा विरोध हुनु विकल्प अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ८३९) । जस्तै :

उठाऊ तेजिलो शस्त्र अथवा कर–सम्पुट । (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ शस्त्र उठाएर युद्ध गर्न वा अञ्जलि बाँधेर शरणागत हुन दुई पक्षको विकल्प छ।

**समुच्चय.** एउटै समयमा अनेक क्रिया भएको वा एउटै कारणबाट केहओ कुराको सिद्धि हुन सक्ने कारण देखाइयो भने समुच्चय अलङ्कार हुन्छ। जस्तै :

गाम्भीर्य शौर्य करुणा स्थिति धर्म धैर्य
नीतिप्रबोधहरू पूर्ण जहाँ रहन्छन्।
ती नाथचन्द्रसमशेरनरेन्द्रलाई
भूभाग्य हुन् भनि इनै गुणले कहन्छन्॥ (गौतम, १९७८, पृ. २०८–२०९)

यहाँ एउटै गुणले पूर्ण भए पनि पृथ्वीको भाग्यवत्ता हुन सक्नेमा अनेक गुणद्वारा भाग्यवत्ता देखाइएकाले समुच्चय भयो।

**प्रहर्षण.** बिना कुनै यत्नद्वारा नै अभीष्टार्थको प्राप्तिको वर्णन प्रहर्षण अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ८७०)। जस्तै :

पढौँ विद्या, जानौँ इलम, बटुलौँ दौलत, बढौँ
भए उत्कण्ठाका वचन जब यस्ता शयकडौँ।
बडा श्रीसर्कार्का अतुलकरुणाले हुन गए
अविद्याका वैरी तब सुलभ विद्यालय खडा॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ प्रजाले इच्छा गरिएकी विद्या विनापरिश्रमले पाइने भनी वर्णन गरिएको छ।

**यथासङ्ख्य.** पूर्वोद्दिष्ट पदार्थहरूका क्रमको यदि त्यस क्रमद्वारा अन्त्यसम्म निर्वाह गरिएमा यथासङ्ख्य अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ८८६)। जस्तै :

अनुरक्त गराइबक्सियो दुनियाँहरूलाई नीतिले
पृथिवीनाथ ! हटाइबक्सियो सब दुस्मनहरूलाई तेजले।
गुणपूर्ण ! धपाइबक्सियो परको भयलाई धर्मले
करुणासागर ! पाइबक्सियो यशलाइ प्रबल प्रतापले॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ क्रमैले अर्थयोजना गरिएको छ।

**परिवृत्ति.** यदि सम अथवा असमका साथ पदार्थहरूका विनिमय गरिएमा परिवृत्ति अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ८९६)। जस्तै :

शरीर अर्पित गरी पाए सुयश वीरले। (सोमनाथ सिग्देल, 'साहित्य प्रदीप' बाट)

यहाँ शरीर अर्पित गर्नु भन्ने अर्थ सुयश प्राप्त गर्नु भन्ने अर्थमा साटिएको छ।

**अर्थापत्ति.** दण्डपूपिकान्यायद्वारा अन्य अर्थको सिद्धि हुनु अर्थापत्ति अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ९०५)। दण्डपूपिकान्याय भनेको लट्ठी भाँच्न सक्नेले रोटी सजिलै भाँच्न सक्छ अर्थात् कठिन काम गर्न सक्नेले सामान्य काम सजिलै गर्न सक्छ भन्ने  तर्क प्रणाली हो। जस्तै :

बस्ताबस्ता दोस्त भेटै दिँदैनन्
अस्ती उस्ता आज यस्ता भएछन्।
रस्ता इन्कै खूब हेरी रहन्थेँ
कस्ता ? एक्लै सिंहदर्बार्गएछन्॥ (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ प्रकारान्तरले सिद्ध हुन नसकेका कुरा (भेट हुन नसकेको) अन्य कुरा (सिंह दरबार गएको अर्थात् महाराजको कृपापाट भएको) बाट सिद्ध भएको छ।

**पर्याय.** एउटा वस्तुले एउटा आधार छोडेर अर्को आधारको आश्रयको वर्णन गर्दा पर्याय अलङ्कार हुन्छ । जस्तै :

अवर्णनीयस्थिति अन्धकार जो
प्रजाहरूका मनमा छँदैथयो ।
विशाल विद्यालयका प्रभावले
हट्यो तहाँबाट सबै निकालियो ॥
अडेर आधार न पाउने भयो
हटेर घुम्दै अरिवर्गमा गयो । (गौतम, १९७८, पृ. २०९–२१०) ।

यहाँ प्रजाहरूमा मनमा रहेका अन्धकारले मनरूप आधार छोडेर वैरिवर्गरूप आधारको आश्रय लिएको वर्णन छ ।

***अतिशयमूलक अर्थालङ्कार***

कुनै विषयको अतिशय वर्णन अतिशयमूलक अलङ्कार हो । अतिशयमूलक अर्थालङ्कारका पनि विभिन्न प्रकार हुन्छन् । ती निम्नलिखित प्रकार छन् :

**अतिशयोक्ति.** लोकप्रसिद्ध उक्तिलाई बढाइचढाइ गरी कुनै विषयको वर्णन गर्नुलाई अतिशयोक्ति अलङ्कार भनिन्छ (उपाध्याय, २०४८, पृ. १३०) । जस्तै :

संझेर रूप–रस सुन्दरताप्रपन्न, बत्तीविना नजर हुन्छ जहाँ प्रसन्न ।
आफै थपिन्छ तमगन्ध मुसुक्क पाए, जस्को त्यही युवती संझ नजिक आए ॥ (लक्ष्मीप्रसाद देवकोटा, 'नवरस' बाट)

यहाँ रूपवती युवती र बत्ती तथा अन्धकार र मुस्कानमा भेद भए पनि अभेद कथनद्वारा युवतीको सौन्दर्यलाई बढाइचढाइ गरी प्रस्तुत गरिएको छ ।

**अत्युक्ति.** शूरता र उदारताहरूका लागि अति मात्रामा वर्णन भएमा अत्युक्ति अलङ्कार हुन्छ । जस्तै :

यिनका शूरता देखे हुनन् लज्जित अर्जुन । (सिग्देल, २०५८, पृ. २३३)

यहाँ अर्जुनलाई पनि लज्जित गराउने शूरताको वर्णन भएकाले अत्युक्ति छ ।

**उदात्त.** वस्तुको समृद्धिको वर्णन अथवा महान् व्यक्तिको चरित्र कुनै वस्तुको उपलक्षणका रूपमा आएर त्यसको उत्कर्ष बढाउनु उदात्त अलङ्कार हो (सहाय 'हीरा', सन् १९७४, पृ. ९४४) । जस्तै :

छन् हिमालयमा धातु रत्नका खानि शोभन ।
यहीँ महर्षिहरूका छन् अनेक तपोवन ॥ (सिग्देल, २०५८, पृ. २३३)

यहाँ हिमालयको समृद्धिको वर्णन गर्दै त्यहाँ महर्षिहरूका तपोवन देखाएर हिमालयको गौरव देखाइएको छ ।

**प्रौढोक्ति.** उत्कर्ष (अधिकता) मा कारण नभएका वस्तुलाई कारण कल्पना गर्दा प्रौढोक्ति अलङ्कार हुन्छ । जस्तै :

क्षीरसागर पुगेर आउँछस्
क्षीरपान गरि मध्यधारको ।
भेद के छ ? मन ! भन्न शक्तछस् ?
क्षीरको र प्रभुका मुहारको ॥ (गौतम, १९७८, पृ. १९८–१९९) ।

यहाँ ज्यादा मधुरता देखाउनका लागि क्षीरको र प्रभुको तुलना गरिए पनि वचनले मात्र मधुरताका अधिकताका कारण कल्पना गरिएकाले प्रौढोक्ति भयो ।

**सम्भावना.** उत्कर्षको अहेतुलाई उत्कर्षको हेतु कल्पित गर्नु प्रौढोक्ति अलङ्कार हुन्छ र यस्तो भएमा यस्तो हुनेछ भन्ने प्रकारको वर्णन सम्भावना अलङ्कार हुन्छ (सहाय 'हीरा', सन् १९७४, पृ. ९५६)। जस्तै :

सदा सहेकै छु असह्य दुःखका
परम्परा, के म डराउँला हरे !
यसै बिते आज म, राजभक्तको
लिनेछ को नाम ? हरे ! भरेभरे ।। (कुलचन्द्र गौतम, 'अलङ्कार चन्द्रोदय' बाट)

यहाँ असह्य दुःखका परम्परामा जे परे पनि सहनु सम्भव छ, केही नगरी राजभक्त भयो भने भक्तिको बदनामी हुनु सम्भव छ भनेर दुई कुराको सिद्धि देखाइएको छ।

## उभयालङ्कार

अनेक अलङ्कारको स्थिति एकै ठाउँ हुनु उभयालङ्कार हो। यसलाई मिश्रालङ्कार पनि भनिएको पाइन्छ। राजवंश सहाय 'हीरा' (सन् १९७४) का अनुसार उभयालङ्कारअन्तर्गत संसृष्टि र संकर अलङ्कार पर्दछन्। भामहले अनेक अलङ्कारहरूको योगलाई संसृष्टि अलङ्कार भनेका छन्। धेरैजसो आचार्यहरूले संसृष्टि र संकरमा भिन्नता देखाएका छैनन्। उद्भटले चार प्रकारका संकरको उल्लेख गरेका छन्। मम्मट र रुय्यकले संकर अलङ्कारको स्वरूप स्पष्ट पारेका छन्। तर संसृष्टि र संकर दुवै अलङ्कार अनेक अङ्कारहरूको सम्मिलन हो।

## निष्कर्ष

अलङ्कारलाई काव्यको आभूषण मानिन्छ। यसले काव्यलाई सुन्दर र चमत्कारपूर्ण बनाउँछ। यसलाई शरीरको सौन्दर्य बढाउने गहनाका रूपमा लिइन्छ। अलङ्कार भाषाको विकास जत्तिकै प्राचीन देखापर्दछ। वैदिक साहित्यमा पनि अलङ्कारको प्रयोग पाइन्छ। अलङ्कारमा सोझो कथनलाई विभिन्न ढङ्गमा व्यक्त गरिन्छ। ऋग्वेद तथा अन्य वैदिक साहित्यमा उपमा अलङ्कारको प्रयोग पाइन्छ। पछि आचार्यहरूले अलङ्कारका सङ्ख्या र भेदसम्बन्धी आफ्ना विचार प्रस्तुत गर्दै गएका छन्। शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कार अलङ्कारका मुख्य भेद मानिका छन् तर शब्दालङ्कार र अर्थालङ्कार मुख्य हुन्। यीअन्तर्गत अन्य अलङ्कारलाई राख्न सकिन्छ। यी विभिन्न अलङ्कारको  प्रयोग काव्यलको चमत्कार  र शोभा बढाउनका लागि गरिन्छ।

## सन्दर्भ सामग्रीसूची

उपाध्याय, केशवप्रसाद (२०४८). *पूर्वीय साहित्यसिद्धान्त* (दोस्रो संस्क.). साझा प्रकाशन।
खिस्ते, नारायणशास्त्री (२०२७). *अलङ्कारसारमञ्जरी* (सातौँ संस्क.). चौखम्बा संस्कृत सिरीज आफिस।
गौतम, कुलचन्द्र (१९७८). *अलङ्कार चन्द्रोदय*. कुलचन्द्र गौतम।
जगन्नाथ (सन् १९१६). *रसगङ्गाधर* (तेस्रो संस्क.). तुकाराम जावजी।
दण्डी (२०१५). *काव्यादर्श* (वज्ररत्नदास, अनु.). वज्ररत्नदास।
भामह (सन् १९५६). *काव्यालंकार* (शङ्कर राम शास्त्री, अनु.). द श्री बलमानोरामा प्रेस।
मिश्र, केशव (सन् १९८४). अलङ्कारशेखर. जयकृष्णदास–हरिदास गुप्त, चौखम्बा संस्कृत सिरीज आफिस।
रुद्रट (सन् १९०९). *काव्यालंकार*. बालकृष्ण रामचन्द्र घाणेकर।
वामन (सन् १९०९). *अलंकारसूत्रवृत्ति*. श्रीवाणीविलासमुद्रायन्त्रालये।
विश्वनाथ (सन् १९७७). *साहित्यदर्पणः* (नवौँ संस्क., शालिग्राम शास्त्री, अनु.). मोतीलाल बनारसीदास।
सहाय 'हीरा', राजवंश, 'हीरा' (सन् १९७४). *अलंकारों का ऐतिहासिक विकास*. बिहार हिंदी ग्रंथ अकादमी।
सिग्देल, सोमनाथ शर्मा (२०५८). *साहित्य प्रदीप* (दोस्रो संस्क.). विद्यार्थी पुस्तक भण्डार।